# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ चौमाला, कैलाली असार ३१ गते, मंगलबार २०८१ साल, (संख्या २)


## गौरीगङ्गा स्वास्थ्य नीति, २०८१

**नगर सभाबाट स्वीकृत मितिः २०८१।१२।११**

**प्रमाणीकरण मितिः २०८१।१२।११**

१.पृष्ठभूमि :

नेपालको संविधानले मौलिक हकको रुपमा हरेक नागरिकलाई निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवामा पहुँच प्रत्याभूत गरेको छ । विकासका प्रमुख सूचकहरुको रुपमा स्वास्थ्य क्षेत्रका उपलब्धिलाई पनि लिने विश्वभरि नै प्रचलन छ । स्वास्थ्य बहुआयामिक विषय भएको र मानव विकास सूचकाङ्कको एउटा मूख्य अंग भएकोले यसको व्यापक महत्व रहेको छ । नेपालले विगतका दशकमा सहश्राव्दी विकास लक्ष्यहरूमा पनि स्वास्थ्य तर्फका सूचकहरुमा उल्लेखनीय सफलता हासिल गरीसकेको सन्दर्भमा, हाल १६ औं योजना कार्यान्वयनको अवस्थामा रहेको तथा सन् २०३० सम्म दिगो विकास लक्ष्यहरू प्राप्त गर्न प्रतिबद्ध छ ।

यसै सन्दर्भमा गौरीगङ्गा नगरपालिकाले पनि स्वास्थ्यलाई विकासको प्रमुख एजेण्डाको रुपमा अङ्गिकार गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसुलभ तथा समान पहुँच स्थापित गर्ने तथा स्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गर्ने गरी दिगो विकासका लक्ष्यमा टेवा पुर्याउने संवैधानिक दायित्वलाई पूरा गर्ने नीति लिएको छ । स्वास्थ्य क्षेत्रमा विद्यमान चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गर्दै जनउत्तरदायी एवं कुशल व्यवस्थापन तथा सुशासनको माध्यमबाट उपलब्ध सबै स्रोत र साधनको अधिकतम उपयोग तथा परिचालन गरी स्वास्थ्य क्षेत्रमा विद्यमान चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गर्दै नागरिकको स्वास्थ्य

प्रवर्द्धन, स्वास्थ्य संरक्षण, सुधार र पुनर्स्थापन गर्न गौरीगङ्गा नगरपालिकाले यो "गौरीगङ्गा स्वास्थ्य नीति, २०८१" तयार गरेको छ ।

**२. प्रस्तावना:**

हाल देश तीन तहको संघीय स्वरुपमा रुपान्तरित भई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरू क्रियाशील रहेका छन । नेपालको संविधानले तीनै तहका सरकारलाई एकल तथा साझा अधिकार तथा विशिष्ट कार्यहरू निर्दिष्ट गरेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारको काम, कर्तव्य र अधिकार तथा गौरीगङ्गा नगरपालिकाको जनस्वास्थ्य ऐन, २०८१ अनुसार गौरीगङ्गा नगरपालिकाले प्रस्तुत गौरीगङ्गा स्वास्थ्य नीति २०८१ सार्वजनिक गरेको छ ।

**३. आधार र निर्देशक सिद्धान्तहरु :**

गौरीगङ्गा नगरपालिकाको प्रस्तुत गौरीगङ्गा स्वास्थ्य नीति हाल मुलुकमा प्रचलनमा रहेका संविधान, कानूनी दस्तावेजहरू, आवधिक तथा क्षेत्रगत योजनाहरू, नीति तथा रणनीतिहरू र निर्देशिकाहरूको आधारमा (अनुसूची १) तयार गरीएको हो ।यसका साथै अन्तर्राष्ट्रिय प्रतिबद्धता, दस्तावेजहरू तथा निर्देशिकाहरूको प्रावधान पनि ध्यानमा राखिएको छ ।

तीन तहका सरकारहरु बिचको सहकार्य, सहअस्तित्व तथा समन्वय यस नीतिको आधार स्तम्भ मानिएको छ । यसै गरी दिगो विकास लक्ष्यले समेटेको सर्वव्यापकता, एकिकृतीकरण, साझेदारी तथा जवाफदेहिता पनि यस नीतिका मार्गदर्शकका रुपमा रहेका छन । साथै यस नीतिले दिगो विकासका लक्ष्यले अनुशरण गरेको “कोही पनि नछुट्नु” भन्ने सिद्धान्त अनुशरण गर्दै यस नगरपालिकाभित्र बसोबास गर्ने सबै नागरिकलाइ समेट्नेछ ।

यस नीतिका निर्देशक सिद्धान्तहरू निम्न अनुसार रहेका छन्:

- संविधानमा उल्लेखित मौलिक अधिकारको रुपमा रहेको गुणस्तरीय निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु,
- सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य सेवा प्रबर्द्धन, संरक्षण, सुधार र पुनर्स्थापनका लागि बहुक्षेत्रीय साझेदारी तथा सहकार्य गर्नु,
- प्रकोप तथा महामारीको अवस्थामा पूर्वतयारीका साथ प्रतिकार्यका लागि प्रस्तुत हुनु,

- स्वास्थ्य सेवामा लैंगिक तथा सामाजिक समावेशिता सुनिश्चितता गर्नु, र
- वातावरणीय स्वास्थ्य तथा जलवायु परिवर्तनका असरहरू न्यूनीकरण सम्बन्धी कार्यक्रमहरू प्रवर्द्धन गर्नु ।

**४. वर्तमान अवस्था:**

कैलाली जिल्लाको मध्यवर्ति भूभाग अन्तर्गत पूर्वमा घोडाघोडी नगरपालिका,पश्चिममा गोदावरी नगरपालिका,उत्तरमा चुरे र मोहन्याल गाँउपालिका तथा दक्षिणमा धनगढी उपमहानगरपालिका र कैलारी गाँउपालिकाको बिचमा देशकै कान्छो गौरीगङ्गा नगरपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित रहेको छ ।हाल यस नगरपालिकामा ११वटा वडाहरु रहेकाछन।राष्ट्रिय जनगणना, २०७८अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या ६४५५८ (पुरुषः२९६५१ तथा महिला ३४८६७) रहेकोछ।

गौरीगङ्गा नगरपालिका मातहतमा हाल आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु – १३ ओटातथा प्राथमीक स्वास्थ्य केन्द्र-१, नागरिक आरोग्य केन्द्र-१ र राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरु – ७४ जना रहेका छन् । साथै मासिक रुपमा सेवा प्रदान गर्ने गरी ३७ वटा गाउंघर क्लिनिक तथा ३५ वटा खोप क्लिनिक पनि सञ्चालनमा रहेका छन् ।

**५. प्रमुख समस्या तथा चुनौतीहरू:**

- यस नगरपालिकाभित्र बसोबास गर्ने सबै क्षेत्र, तह, वर्ग तथा समुदायका नागरिकका लागि गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच नपुग्नु ।
- सडक दुर्घटना तथा चोटपटकबाट हुने घाईते र मृत्युको सङ्ख्या बढ्दो क्रममा रहनु ।
- धेरैजसो सङ्क्रामक रोगहरू नियन्त्रण भएपनि उन्मूलन तथा निवारणका लागि पर्याप्त मात्रामा स्रोत तथा साधन नहुनु ।
- नसर्ने रोगहरूको दर बढ्दो क्रममा रहनु ।
- महामारी नियन्त्रण तथा प्रकोप व्यवस्थापनका लागि पर्याप्त मात्रामा स्रोत साधनको कमी ।
- स्वास्थ्य सेवाका लागि भौतिक पूर्वाधार तथा आधुनिक औजार उपकरणहरू पर्याप्त मात्रामा उपलव्ध नहुनु ।
- समय सापेक्ष स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि नहुनु ।
- तथ्याङ्कमा आधारित स्वास्थ्य सेवा कार्यक्रम तथा योजना तर्जुमा र अनुगमन मूल्याङ्कनको पूर्ण रुपमा अभ्यास नहुनु ।

गौरीगङ्गा राजपत्र

- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था बाहेकका सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरूबाट प्रदान गरीने स्वास्थ्य सेवाहरूको तथ्याङ्क नियमित रूपमा उपलव्ध नहुनु ।
- स्वास्थ्य बीमा कार्यक्रममा सबै नागरिकहरुलाई आवद्ध गर्न नसक्नु ।

**प्रमुख चुनौतीहरू**

- स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय रुपमा प्रवाह गर्न नगर स्वास्थ्य सेवा प्रणालीमा आवश्यक सुधार एवम् सुदृढीकरणको लागि प्रतिवद्धता हुन नसक्नु ।
- पर्याप्त स्रोत तथा साधन नहुनु ।
- सडक सुरक्षाको कमी र बढ्दो सडक दुर्घटना विद्यमान रहनु ।
- महामारीको व्यवस्थापन तथा प्राकृतिक प्रकोपका लागि पूर्व तयारी नहुनु ।
- स्वास्थ्यमा जलवायु परिवर्तन तथा वातावरणको असरबारे चेतनाको कमी हुनु ।
- मानसिक रोग तथा नसर्ने रोगहरूको बढ्दो भारलाई न्यूनीकरण गर्न नसक्नु ।

**६. कार्य क्षेत्र:**

प्रस्तावित नीतिले गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरिकलाई समेट्नेछ ।

**७. नाम र परिभाषा :**

७.१ यो नीतिको नाम "गौरीगङ्गा स्वास्थ्य नीति, २०८१" रहेको छ र यो नीति नगर सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

७.२ परिभाषा: विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस नीतिमा देहायका शब्दहरूले निम्न अर्थ जनाउँदछन् ।

७.२.१ "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

७.२.२ "आधारभूत स्वास्थ्य सेवा" भन्नाले जनस्वास्थ्य सेवा ऐन २०७५ को परिच्छेद २ को दफा ३ को उपदफा ४ र ७ ले परिभाषित गरे बमोजिम संघीय सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोके बमोजिम हुनेछ । साथै यस वाक्यांशले जनस्वास्थ्य सेवा ऐन २०७५ को परिच्छेद २ को दफा ३ को उपदफा ५ र ६ बमोजिम स्थानीय तथा प्रदेश सरकारले थप गरेको आधारभूत स्वास्थ्य सेवालाई समेत सम्झनु पर्दछ ।

गौरीगङ्गा राजपत्र

७.२.३ “सरोकारवाला” भन्नाले नगर विकास योजना तथा नगरपालिकाको स्वास्थ्य सेवा क्षेत्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार भएका स्थानीय संघ संस्थाहरू, संघीय तथा प्रदेश मन्त्रालय, विभाग, निकाय तथा संस्थाहरूलाई सम्झनु पर्दछ ।

७.२.४ “स्वास्थ्य संस्था” भन्नाले गौरीगङ्गा नगरपालिका जनस्वास्थ्य सेवा ऐन, २०८१ अनुसारका स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

७.२.५ “नगरवासी” भन्नाले गौरीगङ्गा नगरपालिकामा बसोबास गर्ने व्यक्ति तथा निजका परिवार समेतलाई सम्झनु पर्दछ।

७.२.६ नगरपालिका भन्नाले गौरीगङ्गा नगरपालिका कैलाली सम्झनु पर्दछ । नगर उल्लेख भएको अवस्थामा समेत यही कुरा लागु हुनेछ ।

७.२.७ “नगर स्वास्थ्य” भन्नाले गौरीगङ्गा नगरपालिकाको स्वास्थ्य क्षेत्र र सोसँग सम्बन्धीत सबै विषयवस्तुहरू समेतलाई सम्झनु पर्दछ ।

७.२.८ “वडा” भन्नाले गौरीगङ्गा नगरपालिका भित्रका वडाहरु सम्झनु पर्दछ ।

७.२.९ “गैर सरकारी संस्था” भन्नाले नेपाल सरकारको सम्बन्धीत निकायमा दर्ता भई स्वास्थ्य तथा अन्य सामाजिक क्षेत्रमा कार्य गर्ने गैर नाफामूलक संस्था भन्ने सम्झनु पर्दछ ।

७.२.१० “निजी स्वास्थ्य संस्था” भन्नाले नेपाल सरकारको सम्बन्धीत निकायमा दर्ता भई कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्ने नाफामूलक संस्था भन्ने सम्झनु पर्दछ ।

७.२.११“सेवाग्राही” भन्नाले स्वास्थ्य संस्थाबाट सेवा उपभोग गर्ने व्याक्ति तथा समुदाय सम्झनु पर्दछ ।

७.२.१२“जोखिममा रहेका समुदाय” भन्नाले गौरीगङ्गा नगरपालिकाभित्र बसोवास गर्ने तोकिएका गरीब, अपाङ्गता भएका, जेष्ठ नागरिक, सिमान्तकृत वर्ग, असहाय, महिला तथा बालवालिका सम्झनु पर्दछ ।

७.२.१.३ "स्वास्थ्य बिमा" भन्नाले नेपाल सरकार, स्वास्थ्य बीमा बोर्डबाट सञ्चालित स्वास्थ्य बीमा कार्यक्रम सम्झनु पर्दछ ।

गौरीगंगा राजपत्र

**८. दीर्घकालीन सोच :**

गौरीगङ्गा नगरपालिकामा बसोबास गर्ने सम्पूर्ण नगरवासीहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुनेछन् ।

**९.ध्येय :**

सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय गर्दै रणनीतिक सहकार्यका माध्यमबाट उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चितता गर्ने ।

**१०. लक्ष्य :**

सक्षम र जवाफदेही स्वास्थ्य संरचना मार्फत नगरबासीको गुणस्तरीय स्वास्थ्य सेवामा पंहुच र उपभोग सुनिश्चित गर्ने ।

**११. उद्देश्यहरू:**

यस नीतिका मुख्य उद्देश्यहरू निम्न रहेका छन् ।

१.१ नेपालको संविधानमा मौलिक हकको रूपमा उल्लेख भएको आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण नगरवासीहरुलाई निःशुल्क उपलब्ध गराउनु ।

१.२ आधारभूत स्वास्थ्य सेवा बाहेकका अन्य विशिष्टीकृत उपचारात्मक स्वास्थ्य सेवाहरूमा आम नागरिकहरूको सहज पहुँच बढाउनु ।

१.३ जोखिममा रहेका समुदायमा लक्षित स्वास्थ्य सेवा प्रवाह गर्नु ।

१.४ स्वास्थ्य सेवा प्रवाहमा निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि गर्नु ।

१.५ गौरीगङ्गा नगरपालिकाको स्वास्थ्य व्यबस्थापन सूचना प्रणाली(HMIS)को सुदृढीकरण गर्नु ।

१.६ स्वास्थ्य बीमाकार्यक्रमको प्रवर्द्धन गर्नु ।

गौरीगङ्गा राजपत्र

१.७ "एक स्वास्थ्य" को अवधारणा अनुसार स्वास्थ्य प्रणाली विकास गर्नु ।

**१२. गौरीगङ्गा स्वास्थ्य नीतिहरू**

१.१ आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवामा सबै नगरबासीहरूको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य संस्थाहरूको संरचना तथा व्यवस्थापन सुदृढ गरीनेछ ।

१.२ स्वास्थ्य संस्थाहरुमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक,उपचारात्मक सेवा उपलब्ध गराउन साधन सम्पन्न बनाई आवश्यक औषधि, उपकरण तथा औजारहरूको उपलब्धता सुनिश्चित गरीनेछ ।

१.३ संघ, प्रदेश तथा अन्य स्थानीय तहहरू, गैरसरकारी संस्था तथा निजी क्षेत्रहरुसँग सहकार्य गर्दै नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरीनेछ ।

१.४ स्वास्थ्य सेवाका विभिन्न सूचना तथा तथ्याङ्कहरूलाई सूचना प्रविधि माध्यममा एकीकृत गरी नगरपालिकाको सामाजिक विकासको सूचकको रुपमा राख्ने व्यवस्था मिलाइनेछ ।

१.५ सरुवा रोगहरु, आपतकालीन स्वास्थ्य तथा महामारी नियन्त्रणका लागि पुर्वतयारी, जनस्वास्थ्य निगरानी तथा अनुसन्धानलाई सुदृढ गर्दै संघ तथा प्रदेशसँग सहकार्य गरी कार्यान्वयन गरीनेछ। यसै गरी तीनै तहको सहकार्यमा सडक सुरक्षालाई रणनीतिक कार्य योजना बनाई कार्यान्वयन गरीनेछ ।

१.६ नगरपालिकामा रहेका सबै नागरिकहरुलाई स्वास्थ्य बीमामा आबद्ध गरीनेछ ।

१.७ स्वास्थ्यकर्मीहरूको व्यवस्थापन, दक्षता अभिबृद्धि तथा वृत्ति विकास पूर्वानुमानयोग्य हुने गरी सुनिश्चित गरीनेछ ।

१.८ नसर्ने रोगहरूको न्यूनीकरण गर्न नियमित व्यायाम, योग अभ्यास तथा खेलकुद प्रवर्द्धन गरीनेछ। सडक सुरक्षालाई समेत समावेश गरी कार्य योजना बनाई कार्यान्वयन गरीनेछ ।

१.९ खोप, पोषण,प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल स्वास्थ्य तथा किशोरकिशोरी स्वास्थ्य सेवालाई प्राथमिकतासाथ उपलब्ध गराइनेछ ।

१.१० सफल परम्परागत आयुर्वेद तथा वैकल्पिक उपचार पद्धतिको प्रबर्द्धन तथा विकास गरीनेछ ।

१.११ गौरीगङ्गा स्वास्थ्य नीतिको कार्यान्वयनको लागि जोखिम आँकलन गरी वित्तीय तथा प्राविधिक स्रोत साधनहरूको व्यवस्था गरीनेछ ।

## १३. रणनीतिहरू:

### नीति १ सँग सम्बन्धीत

१.१ नगरपालिका भित्रका सबै नागरिकहरुको स्वास्थ्य सेवामा सहज पहुँचको लागि आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरुको संस्थागत तथा व्यवस्थापकीय पक्षमा सुधार गरी आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्रदान गरीनेछ ।

१.२ प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरीनेछ ।

१.३ आकस्मिक सेवाको लागि सबै वडाहरूमा एम्बुलेन्स सेवाको सहज पहुँच हुनेछ।

१.४ जोखिममा रहेका समुदायहरुको लागि आधारभूत स्वास्थ्य सेवामा पहुँच बढाउन सो समुदाय लक्षित विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१.५ बढ्दो जनसङ्ख्या, सहरीकरण तथा रोगको प्रकोपलाई मध्यनजर गर्दै समय सापेक्ष रूपमा स्वास्थ्य सेवाहरूमा पहुँच अभिवृद्धि तथा सुदृढीकरण गरीनेछ ।

१.६ भौगोलिक रूपले दुर्गम क्षेत्रमा रहेका र जनघनत्व बढी भएका तथा अधिकांश नगरवासीहरुलाई पायक पर्ने स्थानहरूको आवश्यकता आँकलन गरी नगर स्तरीय आधारभूत अस्पताल स्थापना गरी सेवा प्रवाह गरीनेछ साथै यसरी अस्पताल स्थापना र सञ्चालन गर्दा संघ,प्रदेश,र स्थानीय तहको सहकार्यमा नगरपालिका भित्र आवश्यकताका आधारमा १ भन्दा बढी स्थानहरुमा समेत अस्पताल निर्माण तथा सञ्चालन गरी नागरिकको सहज पहुच स्थापित गर्दै लगिने छ ।

१.७ स्वास्थ्य संस्थाहरूमा हरित क्षेत्रको प्रवर्द्धन गरी नयाँ निर्माण हुने स्वास्थ्य संस्थाहरूको संरचना मापदण्ड बमोजिम अपाङ्गता, लैगिंक तथा यौनिक अल्पसंख्यकमैत्री हुने गरी तयार गरीनेछ ।

१.८ स्वास्थ्य संस्थाहरूबाट निस्कने स्वास्थ्यजन्य फोहोर मैला निःदुषण गरी बिसर्जन गर्न छुट्टै प्रशोधन केन्द्रको निर्माण गरी प्रयोगमा ल्याइनेछ ।

१.९ स्वास्थ्य सेवाको प्रवाह, योजना तर्जुमा, सेवाको अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक कार्यविधि तथा निर्देशिका बनाई कार्य सञ्चालन गरीनेछ ।

गौरीगंगा राजपत्र

१.१० नगरभित्रका जेष्ठ नागरिकहरुका लागि तोकिएका उपचार सेवा सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट निःशुल्क र सहुलियत रुपमा प्रदान गरीने व्यवस्था मिलाइने छ ।

१.११ नगर भित्रका शारीरिक, मानसिक र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, लैंगिक हिंसा प्रभावित व्यक्तिहरुलाई प्राथमिकतामा राखी स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

**नीति २ सँग सम्बन्धीत**

२.१ गौरीगङ्गा नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूबाट नियमित रुपमा प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक र अत्यावश्यक उपचारात्मक सेवा उपलब्ध गराइने छ ।

२.२ गौरीगङ्गा नगरपालिकाका प्रत्येक वडाहरुमा बिशेषज्ञ सेवा सहितको घुम्ती स्वास्थ्य शिविर तथा क्लिनिकहरु सञ्चालन गरीनेछ ।

२.३ स्वास्थ्य संस्थाहरूमा औषधि, खोप, उपकरण तथा अन्य स्वास्थ्य सम्वन्धी सामग्रीहरूको अटुट उपलव्धता सुनिश्चित गर्न आपूर्ति व्यवस्थापन चक्रलाई थप व्यवस्थित गरीनेछ ।

२.४ सबै स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य सामग्रीहरुको मितव्ययी र विवेकपूर्ण प्रयोगलाई प्रवर्द्धन गरीनेछ ।

२.५ स्वास्थ्य संस्थाहरूमा औजार तथा उपकरणहरूको उपलब्धता तथा नियमित मर्मत सम्भारको सुनिश्चितता गरीनेछ ।

२.६ वार्षिक औषधि खरिद योजना बनाउँदा आधारभूत, आकस्मिक तथा बिशेषज्ञ स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निःशुल्क औषधिहरूको उपलब्धतालाई अनुमान, खरीद तथा वितरण सुव्यवस्थित गरीनेछ ।

२.७ नगरपालिका भित्रका सबै सरकारी, सामुदायिक, निजी स्वास्थ्य सेवा प्रदायकहरुसँग नियमित समन्वय गर्दै प्रभावकारी प्रेषण सेवा सुनिश्चितता गरीनेछ ।

२. ८ आकस्मिक अवस्थाका बिरामीहरूलाई शीघ्र उपचार र प्रेषणको व्यवस्था मिलाइनेछ ।

**नीति ३ सँग सम्बन्धीत**

३.१ स्वास्थ्य सेवासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा तिन तहबिच सह-अस्तित्व, समन्वय तथा सहकार्यको आधारमा गरीनेछ ।

३.२ गैर सरकारी र निजी क्षेत्रलाई सामाजिक उत्तरदायित्व बहन गर्दै अत्यावश्यक स्वास्थ्य सेवा प्रवाह गर्न, बिशेषज्ञ सेवा दिन तथा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित नभएका क्षेत्रमा प्रभावकारी स्वास्थ्य सेवा उपलव्ध गराउन प्रोत्साहन गरीनेछ ।

३.३ अन्तरराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई नगरपालिकाभित्रको पिछडिएको तथा विपन्न समुदायमा कार्य गर्न परिचालन गरीनेछ ।

३.४ निजी र सरकारी अस्पतालहरूमा सामाजिक सुरक्षा पाउने नागरिकहरूको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न सहुलियतको व्यवस्था गरीनेछ ।

३.५ अन्य स्थानीय तहहरूबाट आउने सेवाग्राहीहरूको लागि समन्वय तथा सहकार्य गरी आवश्यक सेवा दिने व्यवस्था मिलाइनेछ ।

३.६ बिशेष स्वास्थ्य समस्याहरु जस्तैः सिकलसेल एनेमिया, थालासेमिया आदि रोगहरूको निशुल्कः उपचारको लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरीनेछ ।

३.७ विभिन्न प्राज्ञिक संघसंस्था तथा विज्ञहरुसँग सहकार्य गरी जटिल र वंशानुगत स्वास्थ्य समस्याहरुमा अनुसन्धान अन्वेषण गरी सुधारमुलक कार्यक्रमहरु लागु गरीनेछ ।

३.८ स्वास्थ्यकर्मी, सामुदायीक महिला स्वास्थ्य स्वयम् सेविका, आमा समूह, निगरानी समूह, सम्बन्धीत सरोकारवालाहरु सहितका स्वास्थ्य सञ्जाल निर्माण गरी स्वास्थ्य प्रबर्द्धन तथा उपचार सेवाहरुका लागि समन्वय तथा सहकार्य गरीनेछ ।

**नीति ४ सँग सम्बन्धीत**

४.१ गौरीगङ्गा नगरपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरूवाट गरीने नियमित मासिक प्रतिवेदन सूचना प्रविधी र बिद्युतीय माध्यमबाट पेश गरिनेछ ।

४.२ हाल स्वास्थ्य संस्थाहरूमा रहेका औजार उपकरण, वित्त व्यवस्थापन, आपूर्ति व्यवस्थापन तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि जस्ता विषयहरू एकीकृत विद्युतीय प्लेटफर्ममा राख्ने व्यवस्थित गरिनेछ ।

४.३ स्वास्थ्य सेवा प्रवाहको अवस्था नियमित जानकारी गराउन गौरीगङ्गा नगरपालिकामा विद्युतीय सूचना पाटी (Dash-Board) स्थापना गरी स्वास्थ्य सेवाका तथ्याङ्कहरु सार्वजनिकीकरण गर्ने व्यवस्था गरीनेछ।

४.४ तथ्याङ्कको गुणस्तर नियमित परीक्षण तथा विश्लेषण गरी तथ्यका आधारमा नीति,कार्यक्रम निर्माण, प्राथमिकीकरण तथा अनुगमन गर्न वार्षिक योजनामा समावेश गरीनेछ।

४.५ स्वास्थ्य सेवासँग सम्बन्धीत व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, स्वास्थ्य बिमा लगायतका प्रणालीहरु बिच सामन्जस्यता (Interoperability) कायम गरीनेछ ।

**नीति ५ सँग सम्बन्धीत**

५.१ जनस्वास्थ्य सेवा निगरानी गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गरी जवाफदेही, चुस्त दुरुस्त तथा मितव्ययी संयन्त्रको विकास गरीनेछ ।

५.२ सङ्क्रामक रोगहरुको रोकथाम, महामारी तथा विपदको पूर्वतयारीका लागि "महामारी तथा प्रकोप प्रतिकार्य योजना" तयार गरी लागू गर्ने तथा यस्ता रोगहरुको तत्काल रोकथाम, महामारी तथा विपद व्यवस्थापन गर्न नगर तथा वडा स्तरीय द्रुत प्रतिकार्य टोली (Rapid Response Team) गठन गरी परिचालन गरिनेछ।

५.३ सबै स्वास्थ्य संस्थाहरुमा Surveillance Outbreak Response Management and Analysis System (SORMAS) प्रणालीको विकास गरीनेछ ।

५.४ महामारी तथा विपद व्यवस्थापन कार्यक्रम सञ्चालन, अनुगमन तथा मूल्याङ्कनका लागि संघ, प्रदेश तथा स्थानीय सरकारहरूसँग समन्वय गरी द्रुत प्रतिकार्य टोलीलाई आवश्यक पर्ने जनशक्ति, औषधि, उपकरण, तालिम तथा बफर स्टक उपलब्ध गरानेछ ।

५.५ सडक दुर्घटना, महामारी र प्रकोपबाट हुने मानवीय क्षति तथा जोखिम न्यूनीकरण गर्न सरोकारवालाहरुको समन्वयमा योजना बनाई लागु गरीनेछ ।

५.७ महामारी नियन्त्रण तथा विपद व्यवस्थापनको लागि निजी,गैरसरकारी तथा अन्य सरोकारवालाहरुसँग समन्वय, सहकार्य गरी एक नगर स्तरीय कोषको व्यवस्था गरीनेछ ।

गौरीगङ्गा राजपत्र

५.८ सङ्क्रामक तथा कीटजन्य र जुनोटिक रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि संघ तथा प्रदेशसँग सहकार्य गरीनेछ ।

**नीति ६ सँग सम्बन्धीत**

६.१ आर्थिक रूपले विपन्न तथा सीमान्तकृत समुदायलाई लागत साझेदारी कार्यक्रम मार्फत स्वास्थ्य बिमा कार्यक्रमको पहुँचमा ल्याइनेछ ।

६.२ स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि तयार गरी स्वास्थ्य बिमा कार्यक्रम प्रबर्द्धन गरीनेछ ।

**नीति ७ सँग सम्बन्धीत**

७.१ हाल गौरीगङ्गा नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरूको अवस्था र आवश्यकता अनुसार दक्षता अभिबृद्धि लगायतका सञ्चालन गरीनेछ ।

७.२ स्वास्थ्यकर्मीहरूलाई आवश्यकताका आधारमा नगरपालिका, प्रदेश र संघसँग समन्वय गरी उच्चस्तरीय तालिम र अभिमुखीकरणको व्यवस्था मिलाइनेछ ।

७.३ स्वास्थ्यकर्मीहरुको लागि सामाजिक विकास, लैङ्गिक तथा सामाजिक समावेशीकरण, लैङ्गिक हिंसा व्यवस्थापन, सकारात्मक सोच, सामुदाय परिचालन, प्रभावकारी संचार आदि तालिम कार्यक्रमहरु सहयोगी संस्था, निजी क्षेत्र, स्थानीय तह, प्रदेश र संघ, सँग समन्वय गरी सञ्चालन गरीनेछ ।

७.४ स्वास्थ्यकर्मीको विशिष्टीकृत तथा उच्चस्तरीय तालीमका लागि प्रदेश तथा संघ सरकारसँग समन्वय गरीनेछ ।

**नीति ८ सँग सम्बन्धीत**

८.१ नसर्ने रोगका कारक तत्वहरू न्यूनीकरण गर्न समुदायमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

८.२ लागू औषधि, सुर्तिजन्य पदार्थ, मदिरा, पेय पदार्थ, पत्रु खाना (Junk Food) को प्रयोग निरुत्साहन गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरीनेछ ।

८.३ स्वस्थ खानपान, आहार, व्यवहार, व्यायामयुक्त स्वस्थ जीवनशैलीका लागि शिक्षा, सूचना तथा सञ्चारका माध्यमबाट सचेतना प्रवर्द्धन गरीनेछ ।

८.४ सन्तुलित भोजन, कुपोषण र अधिक पोषण सम्बन्धी जनचेतना बढाउने कार्य प्रवर्द्धन गरीनेछ ।

८.५ विद्यालयहरुमा स्वस्थ जीवनशैली, लागू पदार्थ दुर्व्यसन निरुत्साहन, खेलकुद तथा व्यायाम प्रवर्द्धनका कार्यक्रमहरु नियमित सञ्चालन गरीनेछ ।

८.६ मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि विभिन्न संघ संस्थाहरूसँग सहकार्य गर्दै मानसिक स्वास्थ्य कार्यकर्ता, परामर्शदाताहरु परिचालन गरी समुदाय, शिक्षण संस्था अन्य सामुदायिक संस्थाहरुमा विशेष कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

८.७. सर्वाङ्गीण स्वास्थ्य स्क्रिनिंग शिविर मार्फत नसर्ने रोगहरु, अपाङ्गता तथा अन्य दीर्घरोगहरुको पहिचान गरी सम्बन्धीत स्वास्थ्य सेवा तथा पुनर्स्थापनाका लागि पहल गरीनेछ ।

८.८ सडक दुर्घटना न्यूनीकरण तथा छाडा चौपाया (पशु) नियन्त्रण गर्न विद्यालयहरुमा सडक सुरक्षाबारे जनचेतना अभिबृद्धि गरीनेछ ।

८.९ दुर्घटनामा घाइते भएकाहरुको शीघ्र उपचारका लागि निजी स्वास्थ्य संस्थाहरुसँग पनि सहकार्य गरीनेछ ।

**नीति ९ सँग सम्बन्धीत**

९.१ सबै बालबालिकाहरूले उमेर अनुसार पूर्ण खोप सेवा पाएको सुनिश्चित गरीनेछ ।

९.२ महिला तथा बालबालिकाको पोषण सुधारको लागि खाद्य विविधिकरण तथा सन्तुलित आहार उपभोगमा जोड दिइनेछ ।

९.३ एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन र पोषण कार्यक्रमलाई प्रभाबकारी एवम् व्यवस्थित बनाइनेछ ।

९.४ स्वास्थ्यवर्द्धक तथा पोषणयुक्त खाद्य पदार्थ प्रयोग गर्न प्रोत्साहित गर्दै पत्रु खानालाई निरुत्साहित गरीनेछ ।

९.५ सामुदायिक विद्यालयहरूमा विद्यालय स्वास्थ्य नर्स राखी किशोरकिशोरीको प्रजनन स्वास्थ्य, महिनावारी व्यवस्थापन, पोषण तथा सरसफाई जस्ता प्रतिकारात्मक सेवाहरू प्रवर्द्धन गरीनेछ ।

९.६ सामाजिक कुरीति, लैंगिक हिंसाबाट पीडित सेवाग्राहीको शारीरिक तथा मानसिक स्वास्थ्य संरक्षणका लागि अन्य निकायहरुसँग सहकार्य गर्दै स्वास्थ्य संस्थाहरुबाट परामर्श, प्राथमिक उपचार तथा प्रेषण सेवाहरुको व्यवस्थापन गरीनेछ ।

गौरीगंगा राजपत्र

९.७ परिवार नियोजन सेवालाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारको रुपमा स्थापित गर्दै लगिनेछ ।

९.८ नगरपालिकाले स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी सेवा लिने आफ्ना नागरिकहरुको पोषण सुधार तथा घरमा हुने सुत्केरी निरुत्साहित गरी संस्थागत सुत्केरी बढाउन छुटै कार्यबिधि तयार गरी कार्यान्वयन गरिनेछ ।

९.९ नगरपालिकाले घरमा हुने सुत्केरी निरुत्साहित गरी संस्थागत सुत्केरी बढाउन तथा गर्भावस्थामा हुन सक्ने सम्भावित जोखिमहरु न्यूनीकरण गरी गर्भवती तथा सुत्केरी महिलाहरुको जिबन सुरक्षाका लागि छुटै कार्यबिधि तयार गरी निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

**नीति १० सँग सम्बन्धीत**

१०.१ नगरपालिकाभित्रका नागरिक आरोग्य केन्द्र ,आयुर्वेद अस्पताल, औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्रहरु मार्फत नागरिकहरुमा आयुर्वेद स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरीनेछ ।

१०.२ आयुर्वेद औषधालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रमा योग अभ्यास कक्ष सञ्चालन गरीनेछ ।

१०.३ महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुका लागि आयुर्वेद तथा वैकल्पिक उपचार पद्धतिबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीनेछ ।

१०.४ आयुर्वेद औषधालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रसँग आवश्यक समन्वय गरी आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूमा समेत आयुर्वेद सेवाको पहुँचमा बृद्धि गरिनेछ ।

१०.५ सरकारी तथा निजी आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा केन्द्रहरुसँग समन्वय गरी समुदायमा स्वस्थ जीवनशैली, योगाभ्यास सम्बन्धी घुम्ती शिविरहरु आयोजना गरीनेछ ।

**नीति ११ सँग सम्बन्धीत**

११.१ संघीय र प्रादेशिक नीतिमा व्यवस्था भए अनुरुप स्वास्थ्य क्षेत्रमा नगरपालिकाको लगानी कुल बजेटको दश प्रतिशत बनाई स्वास्थ्य सेवामा व्यक्तिगत खर्चको भार क्रमशः घटाईनेछ ।

११.२ संघ तथा प्रदेश सरकारबाट प्राप्त ससर्त तथा समपूरक अनुदान तथा स्थानीय सरकारको आन्तरिक स्रोतको आधारमा स्वास्थ्य क्षेत्रको लागि तथ्यमा आधारित वार्षिक कार्ययोजना तयार गरी लागु गरीनेछ ।

गौरीगङ्गा राजपत्र

११.३ गौरीगङ्गा नगरपालिका स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न विद्यमान तथा सम्भावित थप आयस्रोतहरूको पहिचान गरी स्वास्थ्य कार्यक्रमको प्राथमिकीकरणको आधारमा बजेट विनियोजन गरीनेछ ।

गौरीगंगा राजपत्र

## परिच्छेद ३

## संरचनागत व्यवस्था

**१४. नगर स्वास्थ्य समिति:**

गौरीगङ्गा नगरपालिका स्वास्थ्य कार्यक्रमहरुको कार्ययोजना तर्जुमा गर्न र यसको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता तथा समन्वय गर्न एक नगर स्वास्थ्य समिति गठन हुनेछ। यसको संरचना तथा काम कर्तव्य तथा अधिकार गौरीगङ्गा नगरपालिकाको जन स्वास्थ्य सेवा ऐन, २०८१ अनुसार हुनेछ ।

**१४.१ नगरपालिका स्तरीय स्वास्थ्य संरचना र समिति:**

(क) गौरीगङ्गा नगरपालिका स्वास्थ्य कार्यक्रम हेर्ने एक शाखाको स्थापना गरी क्षमता विकास गरीनेछ ।यस नीतिमा उल्लेखित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारी उक्त शाखाको हुनेछ ।

(ख) वडा स्तरमा स्वास्थ्य सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहनेछन् । यी समितिहरूको काम, कर्तव्य तथा अधिकार गौरीगङ्गा नगरपालिका जन स्वास्थ्य सेवा ऐन, २०८१ बमोजिम हुनेछ । यी समितिहरूमा नगरपालिकाका प्रमुख संरक्षकका रूपमा रहने छन् ।

(ग) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. संस्थागत जिम्मेवारी:**

यस स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयन गर्न नगर स्वास्थ्य समिति, नगर स्वास्थ्य शाखा नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरु र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिहरु जिम्मेवार हुनेछन ।

**१६. समन्वय तथा सहकार्य :**

नगरपालिकाले निम्न अनुसार समन्वय तथा सहकार्य गर्नेछ ।

१६.१ निजी क्षेत्रसँगको सहकार्य:

स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरू र निजी स्वास्थ्य संस्थाहरु बीच समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन तथा सहजीकरण गरीनेछ ।

- स्वास्थ्य सेवामा सामुदायको सहभागिता नगरस्तरमा स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका, आमा समूह, निगरानी समूह, सम्बन्धीत सरोकारवालाहरु माझ सञ्जाल निर्माण गरीनेछ ।
- नगरपालिकाभित्र स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरू बीचमा साझेदारी गरी गुणस्तरीय स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच तथा उपलव्धतामा वृद्धि ल्याइनेछ ।
- नगरपालिकाभित्र प्रवाह हुने स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न सरकारी,गैरसरकारी र निजी संस्थाहरूको नियमित अनुगमन मूल्याङ्कन र नियमन गरीनेछ ।
- आकास्मिक र शीघ्र स्वास्थ्य सेवा प्रदान गर्न एम्बुलेन्स सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरी एम्बुलेन्सको भाडामा आवश्यक नियमन गरीनेछ ।
- प्रत्येक नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु नगरपालिका भित्र स्वास्थ्य सेवा प्रबाह गर्ने निजी स्वास्थ्य संस्थाहरुबाट पनि निशुल्कः रुपमा प्राप्त गर्ने हकको सुनिश्चितता गर्दै लगिनेछ ।
- स्वास्थ्य संस्थाहरूमा नियमित रुपमा नसर्ने रोगको स्क्रिनिंग (Screening)गर्न स्थानीय र प्रदेश अन्तर्गतका निजी तथा सरकारी अस्पतालसँग समन्वय र सहकार्य गरीनेछ ।

**१६.२ सञ्जाल निर्माण :**

२.१ आकस्मिक स्वास्थ्य सेवाका लागि एम्बुलेन्स सञ्चालन तथा सोको सञ्जाल निर्माण गरी उनीहरूको समुदायसँगको सञ्चारलाई सुधार गरीनेछ ।

२.२ प्रेषण गरीने स्वास्थ्य संस्थाहरू बीचमा परस्पर सञ्जाल तथा समन्वय सुदृढ गरीनेछ ।

**१६.३ प्रदेश तथा संघ सरकारसँगको सहकार्यः**

३.१ सूचीकृत सङ्क्रामक रोगको बिरामी पहिचान भएमा सोको नियन्त्रणका लागि नगरपालिकाले प्रदेश तथा संघ सरकार अन्तरगतका निकायलाई विभिन्न माध्यमबाट तुरुन्त जानकारी गराईनेछ ।

३.२ नगरपालिकामा आवश्यक कर्मचारी, भौतिक पूर्वाधारको निर्माण, खोप, औषधि तथा उपकरणको नियमित आपुर्ति तथा उपलब्धताको सुनिश्चतता गर्न प्रदेश तथा संघ सरकारसँग नियमित सहकार्य गरीनेछ ।

गौरीगङ्गा राजपत्र

**१६.४ अन्य संस्था तथा स्थानीय सरकारसँगको सहकार्य**

४.१ स्थानीय अस्पतालको सञ्चालन तथा सुदृढीकरणका लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरीनेछ ।

४.२ प्रेषण प्रणालीमा सहजीकरण तथा सुदृढीकरण गर्न अन्य स्थानीय तह तथा प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरीनेछ ।

**१७. कानुनी व्यवस्था :**

स्वास्थ्य सम्बन्धी विभिन्न सवाल समेट्ने गरी जारी भएका बिभिन्न ऐनहरु (जस्तै खोप ऐन २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्वास्थ्य बिमा सम्बन्धी ऐन २०७४, जनस्वास्थ्य सेवा ऐन २०७५, सामाजिक सुरक्षा ऐन २०७५, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५) र नियमावलीहरू तथा संघीय तथा प्रदेश स्तरबाट लागु गरीएका स्वास्थ्य सेवा सम्बन्धी बिभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरूले निर्दिष्ट गरेका स्वास्थ्य सेवाहरू नगरपालिकाबाट प्रबाह गर्न यस नीतिको प्रभाबकारी रुपले कार्यान्वयनको व्यवस्था गरीनेछ ।

**१८. वित्तीय स्रोत:**

१८.१ यस नीति कार्यान्वयनका लागि तर्जुमा गरीने योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था नगरपालिकाले गर्नेछ ।

१८.२ नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम, तथा निजी क्षेत्रको लगानी नै समग्रमा यस गौरीगङ्गा स्वास्थ्य नीति कार्यान्वयनका मुख्य आधार हुनेछन् ।

१८.३ यसका लागि सघं तथा प्रदेश सरकारले नगरपालिकालाई वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान, तथा विशेष अनुदान स्वरुप बजेट विनियोजन गर्ने अपेक्षा गरीएको छ । साथै नगरपालिकाले स्वास्थ्य कार्यक्रमको वार्षिक कार्य योजना अनुसार खर्च व्यवस्थापन गर्ने र नेपाल सरकारको प्रचलित आर्थिक नियम कानुन अनुसार आय व्ययको नियमित लेखा परीक्षण गर्ने गराउनेछ ।

गौरीगंगा राजपत्र

**१९. अनुगमन तथा मूल्याङ्कन:**

१. नगरपालिकाभित्र सञ्चालन गरीने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू नियमित रूपले अनुगमन र गर्न एक चुस्त र प्रभावकारी संयन्त्र बनाई कार्यान्वयनमा ल्याईने छ ।

२. नगरपालिकाको योजना शाखा तथा स्वास्थ्य शाखाले तयार गरेको अनुगमन तथा मूल्याङ्कन ढाँचा लाई समय अनुकुल परिमार्जन तथा परिस्कृत गरीनेछ ।

३. बिद्युतीय तथा सूचना प्रविधिको माध्यम मार्फत प्रतिवेदन प्रणाली विकास गरिनेछ। तथ्याङ्कको नियमित गुणस्तर परीक्षण (RDQA) गरी तथ्याङ्कको गुणस्तरमा सुधार ल्याइनेछ ।

४. नीति कार्यान्वयनको आवधिक मूल्याङ्कन गर्दै प्राप्त नतिजाका आधारमा आवश्यक परिमार्जन गरिनेछ ।

**२०. जोखिम पक्ष:**

प्रस्तावित नीतिको प्रयोगले प्रत्यक्ष रूपमा जोखिम बढाउने देखिँदैन । यद्यपि यस नीतिको कार्यान्वयन गर्दा हुन सक्ने सम्भाव्य जोखिमहरू तल उल्लेख गरीएको छ ।

१. यस नीतिमा उल्लेख गरे बमोजिम आवश्यक पर्ने आर्थिक, मानवीय तथा भौतिक स्रोतहरू उपलव्ध नहुने सम्भावना हुनेछ ।

२. सरोकारवाला निकायको सहयोग तथा सहकार्य विना यस नीतिको प्रभावकारी कार्यान्वयन गर्न स्वास्थ्य क्षेत्र आँफैमा बहुपक्षीय सरोकारको विषय भएकोले ठूलो चुनौती रहन सक्ने संभावना रहन्छ ।

३. नगर विकास कार्यक्रम अन्तर्गत तयार गरीएका नीति, योजना तथा कार्यक्रमहरूले पूर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राख्दा स्वास्थ्य क्षेत्रले कम प्राथमिकता पाउने सम्भावना रहन्छ ।

४. स्वास्थ्य क्षेत्रमा उपचारात्मक सेवालाई पहिलो प्राथमिकतामा राख्दा यस नीतिमा उल्लेखित प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमले कम प्राथमिकता पाउने सम्भावना रहन्छ ।

गौरीगङ्गा राजपत्र

५. नीति कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक वित्तीय तथा मानवीय स्रोतको व्यवस्था समयमै गर्न नसक्ने सम्भावना रहन्छ ।

६. यस नीतिको कार्यान्वयनमा निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको अपेक्षाकृत सहयोग, तत्परता तथा संलग्नता हुन नसक्ने अवस्था रहन्छ ।

**२१. अनुसन्धान तथा सिकाइ :**

१. नगरपालिकाको स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्न प्रोत्साहन गरीनेछ ।

२. अनुसन्धानबाट प्राप्त नतिजालाई नगरपालिकाको योजना तर्जुमा गर्दा सन्दर्भ सुचीको रुपमा लिइनेछ ।

**अनुसूची १**

गौरीगङ्गा स्वास्थ्य नीतिका आधारहरू

- नेपालको संविधान, २०७२
- खोप ऐन, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- जनस्वास्थ्य सेवा ऐन, २०७५
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५
- सामाजिक सुरक्षा ऐन २०७५
- स्वास्थ्य बिमा सम्बन्धी ऐन, २०७४
- गौरीगङ्गा नगरपालिका जनस्वास्थ्य ऐन, २०८१
- राष्टिय स्वास्थ्य नीति, २०७६
- शहरी स्वास्थ्य नीति, २०७३ (प्रथम संसोधन २०७४)
- सुदुरपश्चिम प्रदेश स्वास्थ्य नीति २०७८
- स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय)

गौरीगंगा राजपत्र


## अनुसूची २

### गौरीगङ्गा स्वास्थ्य नीति विकास प्रकृया

- राष्ट्रिय दस्तावेजहरूको अध्ययन
- संघीय स्वास्थ्य मन्त्रालय/स्वास्थ्य कार्यालयका जानकारहरु तथा बिभिन्न नगरपालिकाहरुको स्वास्थ्य नितिहरुको अध्ययन
- नगरपालिका सम्बन्धी उपलब्ध सामग्रीहरूको अध्ययन
- नगरपालिकाका विभिन्न पदाधिकारीहरूसँग छलफल
- समुदायसँग अन्तरक्रिया
- विभिन्न सरोकारवालाहरूसँग छलफल
- परामर्श बैठक

## अनुसूची ३

गौरीगङ्गा स्वास्थ्य नीतिको संस्थागत व्यवस्था




गौरीगङ्गा राजपत्र

# अनुसूची ४

## नीतिको सहकार्य खाका

| क्र.सं. | सहकार्यका क्षेत्रहरू | नगरपालिका | नीजी सेवा प्रदायक | विकास साझेदार तथा गैह्रसरकारी क्षेत्र | समुदाय |
|---|---|---|---|---|---|
| १ | प्राबिधिक सहकार्य | √ | √ | √ | |
| २ | बित्तीय सहकार्य | √ | | √ | |
| ३ | स्वास्थ्य सेवा प्रवाह | √ | √ | √ | √ |
| ४ | भौतिक पुर्वाधार | √ | | √ | √ |
| ५ | दक्ष जनशक्तिको व्यवस्थापन | √ | √ | √ | |
| ६ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | √ | √ | √ | |
| ७ | कार्यक्रमको कार्यान्वयन | √ | √ | √ | √ |
| ८ | कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | √ | | | |

नोटः

- यो सहकार्यको खाका सहजिकरणका लागि मात्र हो ।
- आवश्यकता अनुसार संयुक्त अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ ।

गौरीगंगा राजपत्र

# अनुसूची ५

गौरीगङ्गा नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरु(वडा गत)

| वडा नं | घर संख्या (२०७८) | जम्मा जन संख्या (२०७८) | सरकारी अस्पताल | निजी अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी /आधारभूत स्वास्थ्य सेवा केन्द्र,नगर स्वास्थ्य सेवा केन्द्र | आयुर्वेदिक स्वास्थ्य अस्पताल/केन्द्र |
|---|---|---|---|---|---|---|
| १ | १७९४ | ८६०७ | ० | ० | २ | |
| २ | १००२ | ४५८८ | ० | ० | २ | १ |
| ३ | ११७१ | ५४८२ | ० | ० | १ | |
| ४ | १७२४ | ८२०८ | ० | ० | १ | |
| ५ | ९६७ | ४६७४ | ० | ० | १ | |
| ६ | १४६० | ६६३८ | ० | ० | १ | |
| ७ | १३६७ | ६५७६ | ० | ० | १ | |
| ८ | १५२० | ६८५८ | ० | ० | १ | |
| ९ | १११६ | ५०९४ | ० | ० | २ | |
| १० | ८६७ | ४१०८ | ० | ० | १ | |
| ११ | ७९३ | ३७२५ | ० | ० | १ | |
| जम्मा | १३७८१ | ६४५५८ | | | १४ | १ |

आज्ञाले
धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

गौरीगङ्गा राजपत्र